# समाचार विज्ञप्ति

संयुक्त राज्य श्रम विभाग |April 7, 2016 BOS 2016-56b

## न्यु योर्क शहरका नङ स्यालूनहरूका कर्मीहरूले तलब अनि अन्य श्रम कानूनहरूको उल्लंघनको सामना गरिरहेका छन्

### संयुक्त राज्य श्रम विभागको नियोक्ता एवम् कर्मचारीहरूलाई श्रम कानूनहरूबारे सचेत गराउने अग्रसरता

**न्यु योर्क** – विश्वका विशालतम शहरहरूमध्ये एकमा नङ स्यालूनका कर्मीहरूले उनीहरूका ग्राहकहरूको सेवा गर्नको लागि कडा मेहनत गर्छन। यसको साथै, संयुक्त राज्य श्रम विभाग (U.S. Department of Labor) –ले यी कर्मचारीहरूलाई अन्यायको सहजै शिकार हुनसक्ने कर्मीहरूको रूपमा वर्णन गर्छ – उनीहरू आफ्ना अधिकारहरूबारे अवगत हुँदैनन्, कहिले-काहीँ उनीहरूको सामुन्ने भाषारूपी पखलि हुन्छ, वा उनीहरू गुनासो दर्ता गर्न हिचकिचाउँछन्।

स्वास्थ्यको लागि जोखिम उत्पन्न हुने सम्भावना भएको परिवेशमा काम गर्ने नङ स्यालूनका कर्मचारीहरू प्रायः जसो उनीहरूले गरेका कामहरूको पूर्ण वा कुनै भुक्तानी नलिइ घर जान्छन्। तलब एवम् कार्यहरूको घण्टासम्बन्धी विभागले यो अन्यायलाई समाप्त गर्नको लागि दृढ निश्चय गरेको छ अनि यसको पुष्टि गर्दै विभागले न्यु योर्क शहरका दुइ स्यालूनहरू विरूद्ध ओभरटाइम एवम् रेकर्ड राख्नेसम्बन्धी नियमहरूको उल्लंघन गरेकोमा कार्यवाही गरेको छ।

विभागका जाँचकर्ताहरूले के पाए भने मेनहेटन स्थित एडा नेल्स एण्ड स्पा (Ada Nails & Spa), 81 W. Broadway –ले उसका कर्मचारीहरूलाई उनीहरूले कार्य गरेका घण्टाहरूको कुनै हिसाब नराखी कमिशनका साथ प्रतिदिनको दरले भुक्तानी गरिरहेका थिए। यसो हुँदा, कर्मचारीहरूले एक कार्यसातामा 40 घण्टाहरूभन्दा अधिक काम गरेको भए तापनि उनीहरूलाई ओभरटाइमको भुक्तानी गरिदैँन थियो; तथा स्यालूनले कानूनी दृष्टिले आवश्यक रोजगार एवम् तलबहरूको सूची जस्ता अन्य मूलभूत विवरणहरूलाई राखेको थिएन। दोस्रो जाँचमा के पाइयो भने व्हाइटस्टोन स्थित हाइ हुआ ब्युटी स्यालून इनकर्पोरेटेड (Hai Hua Beauty Salon Inc.), 151-91B Cross Island Parkway –मा पनि काम गरेका वास्तविक घण्टाहरूको कुनै हिसाब नगरी प्रति दिनको दरले भुक्तानी गरिदैँ थियो; त्यहाँ सातामा 40 घण्टाभन्दा अधिक काम गरेकोमा कुनै ओभरटाइम भुक्तानी गरिएको थिएन; तथा त्यहाँ तलबसम्बन्धी सही एवम् पूर्ण विवरणहरू राखिएको थिएन।

एडा नेल्स एण्ड स्पाले 12 कर्मचारीहरूलाई ओभरटाइम ज्यालाको रूपमा $23,704 तिर्नुपर्‍यो तथा हाइ हुआ ब्युटी स्यालून इन्कर्पोरेटेडले नौजना कर्मचारीहरूलाई ओभरटाइम ज्यालाको रूपमा $23,643 तिर्नुपर्‍यो।

संयुक्त राज्य श्रम विभाग (U.S. Department of Labor) –का समाचार सामग्रीहरू http://www.dol.gov –मा उपलब्ध छन्। विभागको यथोचित मिलान संशाधन केन्द्र (Reasonable Accommodation Resource Center) –ले विभागीय जानकारी र कागजातहरूलाई वैकल्पिक ढाँचाहरूमा परिणत गर्छ, जसमा ब्रेल र ठूलो प्रिन्ट अर्थात् छापा सामेल छन्। वैकल्पिक ढाँचा निम्ति अनुरोध गर्नको लागि, कृपया विभागलाई (202) 693-7828 (आवाज) वा (800) 877-8339 (फेडरल रिले) –मा सम्पर्क गर्नुहोस्।

तलब एवम् कार्यहरूको घण्टासम्बन्धी विभाग (Wage and Hour Division), मेनहेटनका सहायक जिल्ला निदेशक, डेब्बी ओ लाउ (Debbie O. Lau)-ले भन्नुभयो, “यी नियोक्ताहरूको अनुभवबाट न्यु योर्क शहरका सबै स्यालून मालिकहरूले शिक्षा ग्रहण गर्नुपर्छ। यो उद्योगले विशाल संख्यामा कर्मचारीहरूलाई नियुक्त गर्छ, तर यीमध्ये अधिकांशलाई उनीहरूका अधिकारहरू बारे थाहा हुँदैन, उनीहरूले भाषारूपी पखलिको सामना गर्नुपर्छ, वा गुनासो दर्ता गर्न उनीहरू हिचकिचाउँछन् अनि यी कारणहरूले गर्दा उनीहरू अन्यायको सहजै शिकार बन्न सक्छन्।” “नियोक्ताहरू साथै कर्मचारीहरूलाई यसबारे सचेत गराउनको लागि हामी विविध भाषाहरू मा कैयौं साधनहरू उपलब्ध गराउँछौं अनि यी भाषाहरूमा चिनियाँ, स्पेनिश, कोरियाली, थाइ, भिएतनामिज र नेपाली सामेल छन्। हाम्रा जाँचकर्ताहरू यीमध्ये अधिकांश भाषाहरू धारा-प्रवाह बोल्न सक्छन् अनि अन्यहरूको लागि उनीहरूले अनुवादको व्यवस्था मिलाउन सक्छन्। कर्मचारीहरू अनि नियोक्ताहरू, दुवै तलब एवम् कार्य-घण्टासम्बन्धी प्रतिनिधिहरूसित गोप्य तरिकाले कुराकानी गर्न सक्छन्। सबै पक्षहरूले यो कुरो पनि बुझ्नुपर्छ कि कर्मचारीको अध्यागमनको स्थिति जेसुकै भए तापनि हामी कानूनलाई लागू गर्छौं।”

यहाँ सुरक्षाका कतिपय मूलभूत बुँदाहरू दिइएका छन् जसको पालन निष्पक्ष श्रम मानक ऐन (Fair Labor Standards Act) अन्तर्गत आवश्यक छः

काम गरिएका घण्टाहरूको लागि भुक्तानीः

– नियोक्ताले अग्रिममा कामलाई अनुमोदन गरेको होस् वा नहोस्, कर्मचारीहरूलाई उनीहरूले काममा खर्च गरेका सबै घण्टाहरूको लागि भुक्तानी गर्नुपर्छ। यसमा तालिम, दिनमा एक स्थानदेखि अर्को स्थानको यात्रा, तथा “कार्य समयभन्दा बाहिर” गरिएको काममा खर्च भएको समय पनि सामेल छ।

निम्नतम ज्याला अनि कटौतीहरू:

– कर्मचारीहरूलाई उनीहरूले काम गरेको हरेक घण्टाको लागि कम्तीमा पनि $7.25 प्रति घण्टाको संघीय निम्नतम मजदुरीको दरले भुक्तानी गर्नु अनिवार्य छ।
– प्रति दिन वा कुनै कामको दरले भुक्तानी गरिएको भए तापनि, प्राप्त गरिएको भुक्तानीलाई काम गरिएका जम्मा वास्तविक घण्टाहरूले भाग गर्दा निस्किने रकम, कम्तीमा पनि, संघीय निम्नतम मजदुरीको बराबर हुनु अनिवार्य छ।
– कतिपय राज्यका कानूनहरूमा अधिक निम्नतम मजदुरी अनि/अथवा कर्मचारीहरूको अधिक सुरक्षाको प्रावधान छ। नियोक्ताहरूले ती सबै कानूनहरूको पालन गर्नु अनिवार्य छ जो उनीहरूका व्यापारहरूमाथि लागू हुन्छन्।

ओभरटाइम भुक्तानी:

– सामान्यतया, एक साताामा 40 घण्टाभन्दा अधिक कामको लागि कर्मचारीलाई अधिक कामको हरेक घण्टा निम्ति उनीहरूको नियमित दरको 1½ गुणाको दरले भुक्तानी गर्नु आवश्यक छ।

संयुक्त राज्य श्रम विभाग (U.S. Department of Labor) –का समाचार सामग्रीहरू http://www.dol.gov –मा उपलब्ध छन्। विभागको यथोचित मिलान संशाधन केन्द्र (Reasonable Accommodation Resource Center) –ले विभागीय जानकारी र कागजातहरूलाई वैकल्पिक ढाँचाहरूमा परिणत गर्छ, जसमा ब्रेल र ठूलो प्रिन्ट अर्थात् छापा सामेल छन्। वैकल्पिक ढाँचा निम्ति अनुरोध गर्नको लागि, कृपया विभागलाई (202) 693-7828 (आवाज) वा (800) 877-8339 (फेडरल रिले) –मा सम्पर्क गर्नुहोस्।

विवरणहरू राख्नु:

- नियोक्ताहरूको लागि उनीहरूका सबै कर्मचारीहरूले दिनमा अनि सातामा काम गरेका जम्मा घण्टाहरू तथा भुक्तानी गरिएको ज्यालाको हर हिसाब राख्नु अनिवार्य छ।
- कर्मचारीहरूले उनीहरूले काम गरेका घण्टाहरू तथा प्राप्त गरेको ज्याला, साथै उनीहरूका नियोक्ताको नाउँ, ठेगाना र फोन नम्बरको विवरण राख्नुपर्छ।

स्वतन्त्र ठेकदार वा कर्मचारी?

कतिपय स्यालूनहरूले गलत तरिकाले कर्मचारीहरूलाई "स्वतन्त्र ठेकदार" –को संज्ञा दिन्छन् तर वास्तवमा उनीहरू कर्मचारीहरू नै हुन्। कर्मचारीहरूको लागि यी दुइ बीचको भिन्नता बुझ्नु महत्वपूर्ण छ किनभने कर्मचारीहरू अधिक स्वास्थ्य सुरक्षा साथै बचाउ, मजदुरीसम्बन्धी सुरक्षा अनि अन्य सुविधाहरूको कानूनी हकदार हुन्छन्।

- कर्मीहरू यदि उनीहरू कर्मचारीहरू हुन् वा स्वतन्त्र ठेकदारहरू हुन् भन्ने कुरोमा निश्चित छैनन् भने उनीहरूले तलब एवम् कार्यघण्टासम्बन्धी विभागसित सम्पर्क गर्नुपर्छ, जसले कर्मचारीहरूको कार्यस्थलसम्बन्धी अधिकारहरू निश्चित गर्नमा मद्दत पुऱ्याउने जानकारी उपलब्ध गराउन सक्छन्।

तलब एवम् कार्यघण्टासम्बन्धी विभागसित सम्पर्क गरेको अथवा आफ्ना कार्यस्थल अधिकारहरूको उपयोग गरेकोमा नियोक्ताले कर्मचारीहरूलाई कामबाट निकाल्नु वा उनीहरू विरूद्ध प्रतिशोधात्मक कार्यवाही गर्नु गैर-कानूनी हो।

यदि कर्मचारीहरू यो ठान्छन् कि उनीहरूका अधिकारहरूको उल्लंघन भएको छ वा उनीहरूसित कुनै प्रश्नहरू छन् भने उनीहरूले तलब एवम् कार्यघण्टासम्बन्धी विभागलाई 1-866-487-9243 –मा वा न्यु योर्क शहरमा 212-264-8185 (मेनहेटन) वा 718-254-9410 (ब्रुकलिन) –मा फोन गर्न सक्छन्। विभागले लगभग सबै भाषाहरूमा सहायता प्रदान गर्न सक्छ, अनि यसका सेवाहरू निःशुल्क उपलब्ध गराइन्छन् र यसलाई गोपनीय राखिन्छ।

###

**Media Contact:**
मीडिया सम्पर्क:

Ted Fitzgerald, 617-565-2075, fitzgerald.edmund@dol.gov

Release Number:
विज्ञप्ति संख्या: 16-743-NEW

संयुक्त राज्य श्रम विभाग (U.S. Department of Labor) –का समाचार सामग्रीहरू http://www.dol.gov –मा उपलब्ध छन्। विभागको यथोचित मिलान संशाधन केन्द्र (Reasonable Accommodation Resource Center) –ले विभागीय जानकारी र कागजातहरूलाई वैकल्पिक ढाँचाहरूमा परिणत गर्छ, जसमा ब्रेल र ठूलो प्रिन्ट अर्थात् छापा सामेल छन्। वैकल्पिक ढाँचा निम्ति अनुरोध गर्नको लागि, कृपया विभागलाई (202) 693-7828 (आवाज) वा (800) 877-8339 (फेडरल रिले) –मा सम्पर्क गर्नुहोस्।